# म शिक्षक, मेरा जिज्ञाशा

**संकलक – ईश्वरीप्रसाद ज्ञवाली, स. जि. शि.अ.**

सिकाई प्रकृयामा  बालबालिकाको सहभागिता, हिंसारहित शिक्षण ब्यबस्था र सिकाइका न्यूनतम सहयोगी बातावरणको सम्मीश्रणबाट बालकेन्द्रित सिकाई र विद्यालयको अवधारणा आएको हो ।

बाल सहभागिता गराउने कुरा बाल अधिकार सम्बन्धी -अन्तर्राष्ट्रिय नियम (Article) १२ बमोजिम  आएको हो । ब्यबहारवादी र संरचनावादी मनोविज्ञानले पनि बालवालिकाको सहभागिता बढाउन सिकायो ।

महात्मागान्धिको अहिंसात्मक अवधारणा, मध्यस्थता (Mediated) सिकाई सिद्धान्तको मनोवैज्ञानिक र समाजशास्त्रीय विचारले सिकाई प्रक्रियामा अहिंसा, शान्ति र प्रेमको आवश्यकता महशुस गरायो ।

के म यी सबै दर्शन, धर्मशास्त्र, सामाजिक यथार्थ र आफ्नै अनुभवका आधारमा यो अवधारणा लाई आफ्नो विद्यालयमा लागु गर्न सक्छु ?

पेशाकर्मी शिक्षक हुन मैले वालमैत्रि विद्यालय वातावरण निर्माण गर्नु पर्ने हो । सिकाई प्रक्रियामा वालवालिकाको सहभागिता सुनिश्चित गर्न र हिंसा रहित शिक्षक, विद्यार्थी साथी, अभिभावक र समुदाय निर्माण गर्न म क्रियाशील हुनुपर्ने हो ।

**वालवालिकालाई सक्रिय राख्न मैले के गरे ?**

पेशाकर्मी शिक्षकको नाताले मैले सिकाई प्रक्रियामा वालकको सहभागिता सुनिश्चित गर्नु पर्ने हो । यसो गर्न मसंग वालवालिका द्धारा गरिने, तीनको लागि गरिने र तिनीहरुसँग गरिने क्रियाकलाप हुनु पर्ने हो ।

| **मेरा जिज्ञाशा** |
|---|
| सिकाईमा बालवालिकाको सहभागिता बढाउने म संग के के कार्यक्रमहरु छन् ? |
| पढाईमा वालवालिकाको सहभागिता अभिवृद्धि गर्न बनाईएका सिकाई समूह, वाल क्लब,सदन आदि राख्न र सञ्चालन गर्नका लागि मैले के के गरें ? |
| सरोकारवालाहरु सँग मिलिजुलि काम गर्ने र विचारको आदानप्रदान (Sharing) गर्ने व्यबस्था मिलाउन मैले के के गरें ? |
| घर,  विद्यालय र समुदायमा बालबालिकाको अधिकार सुनिश्चित गर्ने दिशामा मैले के गरें ? |
| विद्यालय सुधार योजना लगायतका योजनाहरुको कार्यावन्यन गर्न मैले के के काम गरें ? |

पेशाकर्मी शिक्षकको नाताले मैले विद्यालय, घर तथा समुदायमा हिंसारहित शिक्षण वातावरण निर्माण गर्नु पर्ने हो ।

| **मेरा जिज्ञाशाहरु** |
|---|
| घर, विद्यालय र समुदायमा हिंसारहित वातावरण बनाउनका लागि मसंग के के कार्यक्रमहरु छन् ? |
| विद्यालयमा हिंसारहित शिक्षण वातावरण निर्माण गर्न मैले के के गरें ? |
| घरमा हिंसारहित शिक्षण वातावरण निर्माण गर्न मैले के के गरें? |
| समुदायमा हिंसारहित शिक्षण वातावरण निर्माण गर्न मैले के के गरें ? |

| |
|---|
| “विद्यालय शान्ति क्षेत्र”को अवधारणालाई कार्यावन्यन गर्न मैले के के गरें ? |

पेशाकर्मी शिक्षकको नाताले **विद्यार्थी सक्रिय सिकाइ** वातावरण बनाउन मैले काम गर्नु पर्ने हो । यसका लागि प्रत्येक बालबालिकालाई छलफलमा सहभागी गराउनु पर्छ । प्रत्येकले विचार गर्ने र विचार राख्ने अवसर पाउनु पर्छ । प्रत्येकले समुहमा रहेर सक्रिय रुपमा सहकार्यात्मक क्रियाकलापमा भाग लिन पाउनु पर्छ । उनीहरुलाई मैले के सिके र कसरी सिके भन्नेमा आफै पुनः विचार गर्न सक्ने बनाउनु पर्छ ।

| **मेरा जिज्ञासाहरु** |
|---|
| वालवालिकालाई छलफलमा व्यस्त राख्न मैले के के गरेको छु ? |
| कक्षामा विचार गर्ने, आफ्नो भनाई राख्ने अरुका कुरा सुन्ने वातावरण बनाउन मैले के के गर्ने गरको छु? |
| विद्यालय भित्र र बाहिर समेत छलफल विधिबाट सिकाई सञ्चालन गर्न मैले के के गर्ने गरको छु ? |
| सबै वालवालिकालाई लेखाई प्रक्रियामा व्यस्त राख्न मैले के के गर्ने गरको छु ? |
| सबै वालवालिकालाई कक्षामा  हुने छलफल र सिकाई क्रियाकलापमा सक्रिय सहभागि गराउन मैले के के काम गर्ने गरेको छु ? |
| जातजाती, भाषा, धर्म,  क्षेत्र र लैङ्गिक विविधता सहितको सचेत र समझदारीपुर्ण विद्यार्थि निर्माण गर्नमा म के काम गर्दैछु? |
| वालवालिकासंग सम्बन्धित सबै सवालहरुमा अरु सरोकारवालाहरुलाई सचेत र जिम्मेवार बनाउन म के गर्दैछु? |
| मैले के पढाएं र कसरी पढाएं, के भयो के भएन भनी पुनः विचार गर्ने बानी बसाल्न म आफै के गर्दैछु । |

पेशाकर्मी शिक्षकको हैसियतले म **बाल अधिकार,** वालवालिकाको जिम्मेवारी, बाल समाहित शिक्षा र बाल सहयोगी सिकाई र वालमैत्री वातावरणको निर्माण जस्ता कुरामा सचेत हुनु पर्छ ।

| **मेरा जिज्ञासाहरु** |
|---|
| वालवालिकालाई ज्ञान र सीप मात्र नसिकाएर उनीहरुको बानी व्यवहार र अभिवृत्तिमा परिवर्तन ल्याउन मैले के के गर्दैछु । |
| विद्यार्थीलाई उनीहरुको लक्ष निर्माण गर्न र लक्ष प्राप्तितर्फ उन्मुख भई प्रयत्नशील रहन मैले कसरी मद्धत गर्दे आएको छु ? |
| विद्यालय, परिवार र समुदायप्रतिको जिम्मेवारी वोध गर्ने विद्यार्थी निर्माण गर्न म के गर्दैछु? |
| स्वच्छ, खाना, पानी,स्वास्थ्य, सुरक्षा, शिक्षा जस्ता आधारभूत मानव/वाल अधिकार सुनिश्चित गर्न मैले के के गरे र गरिरहेको छु? |
| वालवालिकालाई आफू, आफ्नो परिवार, विद्यालय र समुदाय प्रति जिम्मेवार बन्ने बानीको विकास गराउन मैले के के गरे र गरिरहेको छु? |
| विद्यालयलाई लैङ्गिक, जातजाती र अपाङ्ग तथा बहुभाषी मैत्री क्षेत्र बनाउन  मैले के के गरे । गरिरहेको छु? |
| वालवालिकासंग सम्बन्धित सबै मुद्धाहरुमा शिक्षाका सरोकारवालाहरु लाई सचेत र जिम्मेवार बनाउन मैले के के गरे र गरिरहेको छु? |

**वालवालिका सक्रिय सिकारु**

शिक्षाविद तथा मनोवैज्ञानिकहरुले सिकाई प्रक्रियामा वालवालिकाको सक्रिय सहभागिताको महत्व बुझाए । उनीहरुलाई शिक्षकले दिएको कुरा मात्र लिने वा ग्रहणकर्ताको रुपमा नभई आफै लागिपरेर ज्ञान तथा सीप सिक्ने, पुनः विचार गर्ने र मन्थन गर्ने सिकारुको रुपमा लिनुपर्छ  भन्ने बाटो देखाए ।

पेशाकर्मी शिक्षक भएकोले मैले केटाकेटी खाली दिमाग भएका व्यक्ति हुन् भनेर बुझ्नु हुदैन । उनीहरुका आफ्नै सोच, ज्ञान र अनुभव हुन्छन । मैले ती ज्ञान, सीप र अनुभवलाई स्वीकार गर्नुपर्छ । सोही अनुसार पठनपाठन गर्ने गराउने सोच बनाउनु पर्छ । ती सोचहरु हुन – संज्ञानात्मक सोचं, संरचनावादी सोचं, पुनः संरचित प्रयोजनवादी सोच,  विनिर्माणवादी सोचं, समालोचनात्क सोचं तथा अर्थेतावादी सोचं ।

| **मेरा जिज्ञासाहरु** |
|---|
| ग्रहणकर्ता विद्यार्थीलाई सक्रिय सिकारु बनाउन मैले के के गरें? |
| विद्यार्थिलाई सिक्न, उत्प्रेरित गर्न मैले के के गरें? |
| संज्ञानवादी सोच अनुसार मेरो ज्ञान विद्यार्थीमा स्थानान्तर गर्न मैले के के गरें ? |
| संरचनावादीले सिकाए जस्तै सिकाईलाई विद्यार्थिको सन्दर्भ र संस्कृति अनुरुप प्रयोग गर्न मैले के के गरें? |
| प्रयोजनवादीहरुले सिकाए जस्तै वालबालिकाको ज्ञान, सिप र अनुभवलाई पुनः संरचित गर्न र परियोजना कार्यमा आधारित सिकाई प्रक्रिया संचालन गर्न मैले के के गरें? |
| विनिर्माणवादीहरुले भने जस्तै वालवालिकालाई ज्ञान विनिर्माण गर्न सक्ने बनाउन मैले के के गरें? |
| समालोचक चिन्तकहरुले सिकाएजस्तै बालबालिकाको पूर्व संरचित ज्ञानको पहिचान गर्न मैले के के गरें ? |
| अर्थेताबादीले सिकाए जस्तै विद्यार्थीको ज्ञान र अनुभवबाट अर्थ निकाल्न मैले केके गरें ? |
| उपलब्ध स्थानीय संस्कृति र प्राकृतिक बातावरण बाट बालबालिकालाई सिक्न सक्ने बनाउन मैले केके गरें ? |
| विद्यार्थीलाई ब्यबहारिक, बैज्ञानिक,उत्पादनमुखी, रोजगारयुक्त र विश्वभर काम लाग्ने शिक्षा दिनका लागि मैले के के गरें ? |
| आफैले योजना बनाउने, अनुगमन गर्ने,र मूल्याङ्कन गर्न सकें ? |

**समालोचनात्मक चिन्तन**

**समालोचनात्मक चिन्तन निम्न विचार र सिद्धान्त मिलाएर बनेको छ ।**

- सुकरातको सम्बादात्मक चिन्तन
- फ्रन्सिस बेकनको अनुभवबाद
- थोमस मुरको नयाँ सामाजिक सोच
- मेकियाभेलीको समालोचनात्मक राजनीतिक चिन्तन
- न्युटनको फरक विचार राख्ने तरिका
- डार्विनको उत्कृष्ट  ( decent) खोज्ने सोच
- डिवेको प्रयोजनबाद
- पाउलो फ्रेरेको संबाद
- मार्क्सको समालोचनात्मकता

धार्मिक दर्शन, सामाजिक यथार्थता, र आफ्नो अनुभवबाट प्राप्त बुझाईलाई जोड्दै लगेमा आफ्नो कार्यथलोमै समालोचनात्मक चिन्तन बनाउन सकिन्छ , उपयोग गर्न सकिन्छ। समालोचनात्मक चिन्तक तथा पेशाकर्मी शिक्षक भएकाले म स्व-निर्देशित, स्व-नियमित, स्व-उत्प्रेरित, स्व-अनुशासित र स्व-सुधार उन्मुख हुनु पर्ने हो।

| **मेरा जिज्ञासाहरु** |
|---|
| विद्यार्थीलाई समालोचनात्मक चिन्तक बनाउन म सँग के के कार्यक्रम छन् ? |
| आफूलाई स्वनिर्देशित व्यक्ति /शिक्षक बन्न मैले केके गरें ? |

समालोचनात्मक पेशाकर्मी शिक्षक भएको नाताले विद्यार्थिसंग व्यबहार गर्ने सम्बन्धमा म विश्लेषक, आत्मविश्वासी, पत्यारिलो, न्यायिक, जिज्ञासु र व्यवस्थित शिक्षक बन्नु पर्छ।

| **मेरा जिज्ञासाहरु** |
|---|
| विद्यार्थीसंगको व्यबहार (dealing) सम्बन्धमा विश्लेषक, आात्मविश्वासी, पत्यारिलो न्यायिक र व्यबस्थित शिक्षक बन्ने मेरा तरिकाहरु के के हुन सक्छन् ? |
| विद्यार्थिलाई न्याय गर्ने र पत्यारिलो शिक्षक बन्न मैले के के गरें ? |
| जिज्ञासु र व्यबस्थित शिक्षक बन्न मैले के के गरे? |
| म आत्मशासित र स्व उत्प्रेरित व्यक्ति/शिक्षक हुं भनी दावी गर्न मैले के के गरे? |
| विद्यार्थीलाई स्वतन्त्र ढंगले सिक्ने काममा सहयोग पु-याउन र स्व सुधार उन्मुख शिक्षक बन्न मैले के के गरे? |
| आफ्ना कामलाई जिज्ञासु र पारदर्शी बनाउन मैले के के गरे? |

म **समालोचनात्मक** पेशाकर्मी शिक्षक भएकोले मैले सोही अनुरुपको काम गर्नुपर्ने हुन्छ। त्यसका लागि मैले:

- ❖ समस्या र प्राथमिकताहरु पहिचान गर्नु पर्छ।
- ❖ जानकारी र बुझाईलाई गहिराईमा पु-याउनु पर्छ।
- ❖ विकल्प, नतिजाहरुलाई नियाल्नु पर्छ, छर्लङ्ग पार्नु पर्छ।
- ❖ सूचनामा आधारित निर्णय लिनका लागि सन्दर्भ, विषयवस्तु र सिकाई प्रक्रियाको (Pedagogy) मूल्याङ्कन गर्न पर्छ।
- ❖ आफ्नो पेशागत सुधार र विकासका लागि आफ्ना क्रियाकलाप एवंम गतिविधिहरु निदिष्ट गर्नु पर्छ।

| |
|---|
| विद्यार्थीहरुलाई गहिरिएर बुझ्न मद्धत गर्नका लागि मैले के के गरें? |
| विभिन्न विकल्पको खोजी गर्न र प्रत्येक विकल्पको लेखाजोखा गर्न सक्ने विद्यार्थी बनाउन मैले के के गरें? |
| विद्यार्थीका वास्तविक सिकाइ आवश्यकता पुरा गर्न तथा सन्दर्भ, विषयवस्तु र सिकाइ प्रक्रियाको मूल्याङ्कन गर्न मैले के के गरें? |
| आफ्नो सिकाईलाई आफै सुधार एवं व्यबस्थित गर्दै लैजाने तरिकका सिकाउन मैले के के गरें? |

| |
|---|
| खासै उपलब्धिमूलक नहुने पाठ, विषयवस्तु र क्रियाकलाप पहिचान गर्न सक्ने गरी मैले के के गरें? |
| विद्यार्थीको प्रभावकारी सिकाइका लागि अत्यन्तै उपयोगी हुने कार्यक्रम, तरिका, क्रियाकलापको पहिचान गर्न र तिनको आदान प्रदान गर्न मैले के के गरें? |

अन्वेषकको रुपमा शिक्षक अनुसन्धानमुखी पेशाकर्मी शिक्षक भएकोले मैले विद्यार्थी अभिभावक लगायत शिक्षाका सबै सरोकारवालाहरुलाई राम्ररी चिन्नु/बुझ्नु/पढनु तथा उनीहरुका बारेमा राम्ररी थाहा पाउनु पर्ने हुन्छ।

| **मेरा जिज्ञासाहरु** |
|---|
| प्रभावकारी शिक्षण सिकाईका लागि सिकाइ सिद्धान्त, कक्षा क्रियाकलाप, कक्षा बाहिरका क्रियाकलाप, शैक्षिक सामाग्री लगायत नयां शैक्षिक अवभारणा पहिचान गर्न म के कसरी अध्ययन/अनुसन्धान र खोजी गर्दैछु। |
| सिकाइलाई अर्थपूर्ण, उपयोगी बनाउन अनुभवलाई सुदृढ गर्न विद्यार्थीकै संलग्नतामा खोजमूलक/अनुसन्धानमूलक क्रियाकलापहरु गर्न म संग कुन कुन योजना छन्। |
| समय समयमा आफना् काम र गतिविधि योजना तथा कार्यक्रम कामयावी/अर्थपूर्ण/काम लाग्ने भए नभएको आफैं लेखाजोखा गरिरहन मैले के के गरें? |
| त्यस्तो प्रकारको लेखाजोखा गर्न मैले के कस्ता साधन/औजार प्रयोग गर्ने गरेको छु? |
| आफूले गरेका खोजी कार्य/कार्य/अध्ययन/अनुभव बाट सिकेका कुराहरु अरुसंग आदान प्रदान गर्न मैले के कस्ता तरिका/माध्यम अवलम्बन गरेको छु। |

**समावेसी**

**समावेसी शिक्षाको अवधारणा**

समावेसी शब्दको अवधारणा विभिन्न ठाउंबाट आयो

१. मनोवैज्ञानिक दृष्टिकोणबाट हेर्दा विभिन्न क्षमताको व्यक्तित्व र पहिचानको व्यवस्थापन नै समावेशी शिक्षा हो

२. सांस्कृतिक दृष्टिकोणबाट हेर्दा बहुसंस्कृतिको व्यबस्थापनको नाम समावेशी शिक्षा हो।

३. भाषा विज्ञानको दृष्टिकोणबाट हेर्दा बहुभाषिकताको नाम समावेशी शिक्षा हो।

४. जातीय दृष्टिकोणमा विभेद विरुद्धको आन्दोलन गर्नु नै समावेसी शिक्षा हो।

५. धार्मिक दृष्टिकोणमा सबै धर्मको सम्मान गर्नु नै समावेशी शिक्षा हो।

६. अपाङ्गताको दृष्टिकोणमा अपाङ्गमैत्री वातावरण र व्यक्ति निर्माण गर्नु नै समावेसी शिक्षा हो।

७. लैङ्गिक दृष्टिकोणमा लैङ्गिक रुपले सचेत हुनु नै समावेशी शिक्षा हो।

८. बौद्धिक दृष्टिकोणमा बहुबौद्धिकताको सम्बोधन गर्नु समावेसी शिक्षा हो ।

९. कार्यमुखि/व्यवहारिक दृष्टिकोणमा धेरै प्रकारका विभेदलाई शिक्षाको एउटै औजारले सम्वोधन गर्ने विधि नै समावेशी शिक्षा हो ।

विद्यालयमा सबै खाले विभिन्नता भएका विद्यार्थी आँउछन् । मैले समावेशी शिक्षक बन्न सक्नु पर्छ । अर्थात मैले भाषा, जातजाती, धर्म, लिङ्ग, संस्कार/चलन, अपाङ्गता, सिक्ने तरिका, बस्ती/क्षेत्र आदीलाई एकसाथ सम्बोधन गर्नुपर्ने हुन्छ ।

| **मेरा जिज्ञासाहरु** |
|---|
| कक्षामा भएको विविधता पहिचान गर्न मैले के के गरें? |
| कक्षामा भएको विविधतालाई सम्बोधन गर्न मैले के के गरें? |
| कक्षामा बहुसांस्कृतिक वातावरण बनाउन मैले के के गरें? |
| बहुभाषिक कक्षामा भाषिक सह-अस्तिव कायम गर्न मैले के के गरें? |
| विद्यार्थीको व्यक्तिगत भिन्नता र फरक फरक सिक्ने तरिकाहरुलाई सम्बोधन गर्न मैले के के गरें? |
| घरमा, कक्षामा, समुदायमा - लैङ्गिक, जातजाती, भाषा, अपाङ्गता, धर्म आदि हिसाबले सचेत व्यक्ति बन्न मैले के के गरें? |
| समाजमा भएका सबै खाले विविधताको उचित सम्बोधन गर्न म के के गर्दैछु? |